दिलेन्द्र प्रसाद बडू
सांसद
प्रतिनिधि सभा
संघीय संसद, नेपाल

Dilendra Prasad Badu
Member of Parliament
House of Representatives
Federal Parliament, Nepal

## प्रेस विज्ञप्ति

वर्तमान समयमा कोरोना भाइरसको संक्रमणबाट जोगाउने र नियन्त्रण गर्ने उद्धेश्यले नेपाल र भारत दुवैतर्फ सीमा-नाकाहरु लगायत सार्वजनिक सवारी साधनहरु समेत बन्द गरिएको छ । यसको प्रत्यक्ष प्रभाव नेपालमा रहेर स्वदेश फर्कन चाहने भारतीय नागरिकहरुलाई परेको छ भने ता।यो भन्दा पनि बढि प्रभाव भारतका विभिन्न स्थानहरुमा मजदूरी गरी बसेका र कोरोनाकै कारणले मजदूरीको अवसरहरू समाप्त भई घर फर्किन चाहने ठूलो संख्याका नेपालीहरुमा परेको स्पष्ट छ । यसरी प्रभावित हुनेहरुमा पनि सुदूरपश्चिम, कर्णाली र ५ नं. प्रदेशका नागरिकहरको संख्या सर्वाधिक रहेको छ जो नेपाल फर्किने क्रममा सीमा नाकाहरुमा पुगेर पनि नेपाल प्रवेश गर्नबाट बन्चित गराई अलपत्र पारिएका छन् ।

भारत भित्र अन्य स्थानमा रहेका नेपाली नागरिकहरुको हकमा भारत सरकारले  र नेपाल भित्र रहेका भारतीयहरुको हकमा नेपाल सरकारले दुवै देशको कुटनितिक तहमा समझदारी गरी सम्बन्धित मुलुकमा नै स्वास्थ्य सुरक्षाको प्रबन्ध गर्नु नै उचित हो, जुन विषयमा मैले पनि पटक पटक सरकार र कुटनितिक नियोगमा व्यतिगत र सार्वजनिक रूपमा ध्यानाकर्षण गराईरहेकै छु। तर आफ्नो देशमा प्रवेशका निमित्त लकडाउनका विभिन्न असुविधाहरु भोग्दै सिमा-नाकाहरुमा पुगी सकेका नेपालीहरुको हकमा भने सरकारले नै फरक र विशेष प्रबन्ध गर्नु आवश्यक छ । तर, बिडम्बना!, यस बारेमा सरकार गम्भीर भएको देखिंदैन ।

यस सन्दर्भमा विशेष रुपले म दार्चुला सिमा-नाकामा विगत हप्ता दिन देखि अलपत्र परेका दार्चुला र सुदूरपश्चिमकै बैतडी, बझाङ, बाजुरा लगायतका अन्य जिल्लाका सयौं नेपाली दाजुभाइ तथा दिदीबहिनीहरु विचल्लीमा पारिएको दर्दनाक अवस्था तर्फ नेपाल सरकार र प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।

यी सबै नागरिकहरूको व्यवस्थित र सुरक्षितरुपमा नेपाल प्रवेशका निमित्त हामीहरुले गरेको प्रयास निरन्तर रहेको स्पष्ट नै छ । जस अनुसार पछिल्लो पटक २०७ जना नेपाल प्रवेश गरि, आ-आफ्नो स्थानिय निकायमा क्वारेन्टाइनमा बस्ने व्यवस्था मिलाई सकिएको छ।

यसै क्रममा दार्चुला सिमा-नाकामा हाल रोकिरहेकाहरुका सम्बन्धमा पनि, यहि चैत्र १७ गते विहानै देखि दार्चुला जिल्लाका प्रमुख जिल्ला अधिकारीको समन्वय र नेपाल तर्फ नाकाको मुखमा पर्ने महाकाली नगरपालिकाका प्रमुख र कर्मचारीहरुको सकृयतामा प्रवेश गर्नुपर्ने सबैको दुवै नाकाहरुमा स्वास्थ्य परिक्षण गराई स्पष्ट अभिलेख सहित उनीहरुको आ-आफ्नो गा.पा./ न.पा. अनिवार्य क्वारेन्टाइनमा बस्नु पर्ने शर्त-नामा सहित सम्बन्धित ठाउँमा पुर्याउनका निमित्त सवारी साधनको व्यवस्था समेत गरियो । तर, यसरी यति तयारी भइसकेको अवस्थामा अकस्मात "प्रधानमन्त्रि ज्यूको आदेश" भन्दै नेपाल सरकारले आफ्नै पूर्व-निर्णय विपरित सम्पूर्ण व्यवस्थापन रोकी दिएका कारण ती सबै नागरिकहरु थप बिचल्लीमा परेका छन् ।

हाललाई भारत सरकारको स्थानीय प्रशासनले बाध्यताबस तत्कालको लागि व्यवस्थित क्वारेन्टाइन नभई अस्थायी शिविरहरूको व्यवस्थापन गरि खाने र बस्ने व्यवस्था गरी दिएको छ, जसका लागि भारत सरकारलाई धन्यवाद दिन चाहन्छु । तर यसरी शिविरहरुमा ठूलो संख्यामा संगै बस्नु पर्ने वाध्यताले संक्रमणको जोखिमको सम्भावना त थप बढेको छ नै, सरकारको यस उदासिनताबाट आफ्ना नागरिकहरू प्रतिको दायित्व र मानवता प्रतिको न्युनतम समवेदनशिलता माथि समेत प्रश्न खडा गरिदिएको छ ।

Mobile : 977-9851011666, Tel/Fax : 977-1-4389348, Office Tel : 4200078, Fax : 4200136, Email : dp_badu@hotmail.com

दिलेन्द्र प्रसाद बडू
सांसद
प्रतिनिधि सभा
संघीय संसद, नेपाल

Dilendra Prasad Badu
Member of Parliament
House of Representatives
Federal Parliament, Nepal

यसरी व्यवस्थित रूपमा नेपाल प्रवेश गर्न नपाएका कारण जानकारी र अभिलेख विना नै महाकाली नदीमा पौडी खेलेर, तुइन र ट्यूबबाट आउनेहरुको संख्या निरन्तर बढिरहेका छ, जसका कारणले नागरिकहरूको ज्यानको जोखिम बढेको छ भने व्यवस्थित अभिलेख राख्न तथा क्वारेन्टाइनको व्यवस्थापन समेत जटिल बनेको छ। यस तर्फ नेपाल सरकारको गम्भिर ध्यानाकर्षण गराउँदै, निम्नानुसार तत्काल समाधानको सुझावहरू प्रस्ताव गर्दछुः

१. यसरी दार्चुला नाकामा अलपत्र परेका नागरिकहरुलाई दार्चुला जिल्ला प्रसासनको सम्बन्धित स्थानिय सरकारको समन्वयमा माथि उलेखित चत्रै १७ गते गरिएको योजनानुसार नै व्यवस्थित र सुरक्षित रुपमा नेपाल प्रवेश गराई, आ-आफ्नो गा.पा./न.पा. मा अनिवार्य क्वारेन्टाइनमा बस्ने गरी यथाशीघ्र पठाउने व्यवस्था गरियोस्।

२. स्थानीय तहरूमा सुरक्षित क्वारेन्टाइन र आवश्यक स्वास्थ्यकर्मीहरु र उनिहरूको व्यतिगत सुरक्षा उपकरण र स्वास्थ्य परिक्षणका आवश्यक सबै उपकरणहरुको व्यवस्थाका लागि केन्द्र र प्रदेश सरकारले स्थानीय तहहरुमा पर्याप्त साधन श्रोत र आवश्यक बजेट समेतको व्यवस्था गरोस्।

३. उक्त प्रयोजनका लागि खर्च हुने गरी म प्रतिनिधि सभा सदस्यको नाताले, मैले पाउने पारिश्रमिकको १५ दिनको रकम "कोरोना-भाइरस-संक्रमण-रोकथाम कोष"को केन्द्रिय खातामा सहयोग गर्ने निर्णय ने.का. संसदीय दल मार्फत घोषणा भईसकेको छ भने, उक्त सहयोगमा १५ दिनको पारश्रमिक थप गरी जम्मा १ महिनाको पारश्रमिक रकम सोहि कोषमा सहयोग गर्ने निर्णय सार्वजनिक गर्दछु।

४. यसका साथै मेरो जिल्ला दार्चुलाका लागि "पूर्वाधार विकास साझेदारी कार्यक्रम" अन्तर्गत चालु आ.व.मा विनियोजित रकम रु. ६ करोड हालको अवस्थामा नागरिकहरूको जीवन-रक्षा जस्तो प्राथमिक प्रयोजनकोलागि खर्च गर्दा सदुपयोग हुने देखिएकोले आजकै मिति देखि खर्च हुन बाँकी सम्पूर्ण रकम, माथि उल्लेखित कार्यमा प्रयोग हुने गरी जिल्लाको तर्फबाट उक्त कोषमा सहयोग स्वरुप जम्मा गर्न समेत उक्त साझेदारी कार्यक्रमको "निर्देशक समिति"को सदस्यको हैसियतले यसै विज्ञप्ति मार्फत प्रस्ताव गर्दछु।

धन्यवाद !

दिलेन्द्र प्रसाद बडू
सांसद प्रतिनिधि सभा, संघीय संसद
एवं
नेपाली कांग्रेस केन्द्रिय सदस्य

Mobile : 977-9851011666, Tel/Fax : 977-1-4389348, Office Tel : 4200078, Fax : 4200136, Email : dp_badu@hotmail.com